"हाम्रो माथागढी, हाम्रो शानः समृद्ध माथागढी, हाम्रो पहिचान"

# माथागढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा
लुम्बिनी प्रदेश
नेपाल

## माथागढी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/०४/२८

## माथागढी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/०४/२८

प्रस्तावना

माथागढी गाउँपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक एवं अन्य विशिष्ट पहिचान झल्किने गरी प्रतिस्पर्धात्मक विधिबाट प्राकृतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ नेपालको संविधान र स्थानीय सराकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी माथागढी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "माथागढी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले "माथागढी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८०" सम्झनु पर्छ ।

(ख) "लोगो" भन्नाले प्राकृतिक चिन्ह वा प्रतिक चिन्हलाई सम्झनुपर्छ।

(ग) "समिति" भन्नाले प्रतिक चिन्ह छनोट समितिलाई सम्झनुपर्छ।

(घ) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनुपर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ ।

(च) "सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिव सम्झनुपर्छ।

३. लोगो छनोट समितिः

१. लोगो छनोट समिति देहाय बमोजिम हुनेछ।

क. गाउँपालिकाको अध्यक्ष -- संयोजक

ख. गाउँपालिकाको उपाध्यक्ष -- सदस्य

ग. गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत-- सदस्य सचिव

४. लोगो छनोट समितिमा काम कर्तव्य, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. कार्यविधिले तोके बमोजिमको मापदण्ड तथा शर्तहरु बमोजिम लोगो छनोट गर्नुपर्नेछ।

५. लोगोमा समावेश हुने मापदण्ड तथा शर्तहरुः

क. गाउँपालिकाको नाम, नेपालको झण्डा, गाउँपालिकाको आदर्श वाक्य "हाम्रो माथागढी, हाम्रो शानः समृद्ध माथागढी, हाम्रो पहिचान" अनिवार्य समावेश हुनुपर्नेछ ।

यम बहादुर चिदी

ख) लोगोले गाउँपालिकाको पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्किने हुनुपर्दछ ।

ग) कुनै जातीय विभेद र सम्प्रदायिकतालाई प्रश्रय हुने खालको सांकेतीकरण नभएको हुनुपर्नेछ।

घ) राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग नभएको हुनुपर्नेछ ।

ङ) लोगोमा समावेश भएको संकेतहरुको संक्षिप्त व्याख्या गर्नु पर्नेछ ।

च) पेश भएको लोगो डिजाइनमा मुल्याङ्कन समितिबाट कुनै सुझाव प्राप्त भएमा परिमार्जित डिजाईन पेश गर्नुपर्नेछ ।

छ) लोगोको स्वीकृति तथा प्रयोग सम्बन्धी सर्वाधिकार गाउँपालिकामा निहित रहनेछ।

ज) लोगो अन्यत्रबाट नक्कल नगरिएको र मौलिक हुनुपर्दछ ।

झ) स्वीकृत हुने डिजाइनकर्तालाई पुरस्कार कार्यपालिकाले तोके बमोजिम हुनेछ।

ञ) प्रस्तावित लोगोको डिजाईन तोकिएको म्यादभित्र कार्यालयमा आइ हार्डकपी वा ई-कपी मार्फत गाउँपालिकाको इमेल ठेगानामा पेश गर्नुपर्नेछ ।

ट) लोगो कम्तिमा ३०० डि.पि.आई. भएको जे.पि.इ.जी. फर्मेटमा हुनुपर्नेछ ।

ठ) लोगो पेश गर्दा डिजाइनकर्ताले अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्दछ ।

ड) लोगो निर्माण गर्दा नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम निर्माण गर्नुपर्नेछ।

ठ) गाउँपालिकाले खुला प्रतिष्पर्धाबाट लोगो निर्माणको लागि सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

६. लोगो लागु हुनेः

समितिले लोगो छनोट गरी कार्यपालिकाबाट निर्णय भई पश्चात राजपत्रमा प्रकाशित पश्चात लागु हुनेछ।

यम बहादुर चिदी
अध्यक्ष